त्रिभुवन विश्वविद्यालय

# विज्ञान तथा प्रविधि अध्ययन संस्थान

## डीनको कार्यालय

कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र सङ्ख्या
च.नं.

विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको कार्यालय कीर्तिपुर २०४५

मिति : ०७५।९।९

श्रीमान् क्याम्पस । विभागिय प्रमुख ज्यू,

विज्ञान तथा प्रविधि अध्ययन संस्थान तर्फका क्याम्पस तथा केन्द्रिय विभाग सबै ।

विषय : **जानकारी सम्वन्धमा ।**

उपरोक्त विषयमा नेपाल सरकार अर्थ मन्त्रालय, भन्सार विभागको पत्र त्रि.वि. उपकुलपतिज्यूको कार्यालय मार्फत यस कार्यालयमा प्राप्त हुन आएको छ । सो पत्रसाथ प्राप्त भन्सार विभागको शोधपत्र लेखन एंव कार्यालय आवद्धता अध्ययन (Thesis writing and Internship) लेखनका लागि सहयोग कार्यकम सम्वन्धि तल उल्लेखित सूचना आवश्यक जानकारीका लागि पठाइएको छ । सो जानकारी त्यस क्याम्पस । केन्द्रिय विभागको सूचना पाटीमा टाँस गरि सम्वन्धित सबैलाई जानकारी गराइदिनु हुन निर्देशानुसार अनुरोध गर्दछु ।

....................................
कृष्णहरि आचार्य
प्रशासन प्रमुख

"शोधपत्र लेखन एवं कार्यालय आवद्धता अध्ययन (Thesis writing and Internship) लेखनका लागि सहयोग कार्यक्रम सम्बन्धी सूचना"

(मिति २०७५/०८/२३ मा गोरखापत्रमा प्रकाशित।

नेपालको भन्सार प्रशासनसँग सम्बन्धित विषयमा खोज तथा अनुसन्धान गरी स्नातक तहको लागि कार्यालय आवद्धता अध्ययन तथा स्नातकोत्तर तहको लागि शोधपत्र लेखनमा इच्छुक विद्यार्थीहरुलाई प्रोत्साहन गर्न यस विभागद्वारा आर्थिक सहयोग उपलब्ध गराउने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । इच्छुक विद्यार्थीहरुले सम्बन्धित विश्वविद्यालय/कलेजको स्वीकृत अध्ययन प्रस्ताव (Proposal) एवं सिफारिस पत्र सहित विभागमा निवेदन दिनुहुन सूचित गरिन्छ । विस्तृत जानकारी विभागको www.customs.gov.np मा हेर्न सकिनेछ । थप जानकारीको लागि तलको ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

नेपाल सरकार अर्थ मन्त्रालय भन्सार

भन्सार विभाग
त्रिपुरेश्वर, काठमाडौं ।
सम्पर्क नं.०१-४११७२२४